# भानुभक्तीय *रामायण*मा बन्धन र मोक्ष चिन्तन

**सीताकुमारी सापकोटा (भट्टराई)**, एकेडेमिक डाइरेक्टर : लुम्बिनी एकेडेमी, चाबहिल, चुच्चेपाटी, काठमाडौँ
Email: skbhattarai2027@gmail.com
Orcid id: https://orcid.org/0009-0004-0368-5428

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेख भानुभक्तीय रामायणमा अभिव्यक्त बन्धन र मोक्ष चिन्तनको दार्शनिक विश्लेषणमा केन्द्रित छ। पुस्तकालयबाट सामग्री सङ्कलन गरिने यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ। यसमा प्राथमिक स्रोतका रूपमा भानुभक्तीय रामायण लाई लिइएको छ भने द्वितीयक स्रोतअन्तर्गत वेदान्त दर्शन, बन्धन, मोक्षसम्बन्धी पूर्वप्रकाशित लेख, पुस्तक, पत्रपत्रिका र विद्युतीय सञ्चारमामा उपलब्ध सामग्री एवम् रामायणका सम्बन्धमा गरिएका अध्ययनलाई उपयोग गरिएको छ। यस लेखको सैद्धान्तिक आधार र अवधारणाका रूपमा पूर्वीय दर्शनअन्तर्गत विशेषतः वैदिक, उपनिषदिक तथा वेदान्तीय चिन्तनका आधारमा कृतिभित्र प्रतिपादित बन्धन र मोक्षसम्बन्धी अवधारणालाइ उपयोग गरी भानुभक्तीय रामायणको Pअध्ययन गरिएको छ। गुणात्मक अनुसन्धान पद्धतिको प्रयोग गरिएको यस लेखमा रामयणलाई शोधक्षेत्र मानी त्यसका उद्धरणका अधारमा अध्ययनलाई पूर्णता दिइएको यस लेखमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधिलाई उपयोग गरिएको छ। भानुभक्त आचार्यले रामकथालाई केवल धार्मिक आख्यानका रूपमा मात्र प्रस्तुत नगरी मानव जीवनका नैतिक, आध्यात्मिक तथा दार्शनिक पक्षलाई महाकाव्यमा अभिव्यक्त गरेका छन्। रामायण कृतिमा बन्धनलाई अज्ञान, मोह, माया, लोभ, अहङ्कार तथा कर्मफलको आसक्तिसँग सम्बन्धित देखाइएको छ भने मोक्षलाई आत्मज्ञान, वैराग्य, सत्य, धर्मपालन तथा ईश्वरभक्तिबाट प्राप्त हुने परम अवस्थाका रूपमा चित्रण गरिएको छ। विशेष गरी रामायणमा राम, सीता, भरत तथा विभिन्न पात्रका आचरणमार्फत् आदर्श जीवन, कर्तव्यबोध र आध्यात्मिक उन्नतिको सन्देश अभिव्यक्त भएको छ। यस अध्ययनले नेपाली रामायण परम्परामा अन्तर्निहित वेदान्तीय चेतना तथा मोक्षदर्शनको उद्घाटन गर्दै भानुभक्तीय रामायणलाई दार्शनिक दृष्टिले महत्त्वपूर्ण काव्यकृतिका रूपमा स्थापित गरेको निष्कर्षमा पुगिएको छ।

*शब्दकुञ्जी:* बन्धन, मोक्ष, वेदान्त, विदेह मोक्ष, सदेह मोक्ष

**Article's information**
Manuscript received: 2026/02/15; Date of review: 2026/03/25, Date of manuscript acceptance: 2026/06/22
Publisher: Department of Nepali, Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Tribhuwan University. DOI: https://doi.org/10.3126/vaikharivani.v3i2.96088
Homepage: https://www.nepjol.info/index.php/vaikharivani/; Copyright (c) 2026 Vaikharivani.
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रस्तुत लेख आदिकवि भानुभक्त (१८७१–१९२५) द्वारा अनुवादित *रामायण* महाकाव्यमा प्रतिबिम्बत बन्धन र मोक्ष पहिल्याउने विषयमा केन्द्रित रहेको छ। भानुभक्त नेपाली साहित्यका आदिकविका रूपमा स्थापित कविका रूपमा चिनिएका छन्। नेपाली साहित्यमा महाकाव्यात्मक संरचना भएको *रामायण* पूर्वीय दर्शनमा आधारित महाकाव्य मानिएको छ। यो शास्त्रीय छन्दमा संरचित रहेको छ। प्रस्तुत कृति सात काण्डमा विस्तारित छ भने यसमा वेदान्त दर्शनले निर्देशित गरेको बन्धन र मोक्षचिन्तनमा आधारित रहेको छ । यस महाकाव्यमा प्रमुखत: सीता र रामको जीवनचरित्र रहेको छ भने अन्यमा रामका परिवार, रावण र रावणको परिवार लगायत विभिन्न किसिमका सत् र असत् पात्र रहेका छन्। यसमा वानरसेना राजाप्रजा, जीवजन्तुदेखि लिएर विविध चरित्रद्वारा घटित घटना र उनीहरूको

चारित्रिक विशेषतालाई प्रस्तुत गरिएको छ । यी सबै चरित्रको प्रमुख उद्देश्य भनेको संसारका यावत प्राणीले आफ्नो जीवनलाई कसरी भोग्छन् र उनीहरूको जीवन भोगाइको परिलक्ष्य भनेको कहाँसम्म विस्तारित हुन्छ ? कहाँ गएर अबरोध अनि कहाँ गएर केद्रिकृत हुन्छ भन्ने विषयसँग सम्बन्धित रहेको छ । यस महाकाव्यको वस्तुनिर्मितिलाई हेर्दा कतै मोह र बन्धनले आशक्त रावण चरित्रका चारित्रिक गुण भएका पात्रहरू भेटिएका छन् त कतै तत्त्वज्ञान र ब्रह्मज्ञानले युक्त वशिष्ट र हनुमान्, सीता, रामजस्ता विशिष्ट चरित्र भएका पात्र भेटिएका छन् । यिनै चरित्रका माध्यमद्वारा मोहबन्धनले विक्षिप्त भएर संहारको मुखमा पर्ने रावण, बन्धनमुक्त भएर ब्रह्मलीन हुने राममा देखिएको चारित्रिक गुण र दोषमा वेदान्तीय बन्धन र मोक्ष चिन्तनका मान्यताहरूको विशिष्ट उपस्थिति रहेको छ । यस्ता विचार, भाव र अन्तर्वस्तुको प्रयोग पाइने रामायण वेदान्त दर्शनका आधारमा अध्ययनीय कृति रहेको छ । यस अध्ययनको रिक्तता स्थापित गर्नका लागि रामायणका सम्बन्धमा गरिएका पूर्वाध्ययनको समीक्षा गर्नु उपयुक्त हुन्छ ।

भानुभक्तीय रामायणका सम्बन्धमा नेपाली खोज-अनुसन्धान र समालोचनामा पर्याप्त अध्ययन भएका छन् । यस कृतिका सम्बन्धमा राममणि रिसाल (२०५०, पृ. ३६) ले *नेपाली काव्य र कवि नामक* कृतिको *नेपाली महाकाव्य र महाकाव्यकार* शीर्षकको उपखण्डमा आदिकाव्यकार भानुभक्त आचार्य उपशीर्षकमा साहित्यिक एकताका प्रथमसूत्र श्री भानुभक्त आचार्य नेपाली भाषाका सफल प्रयोक्ता, संस्कृति र सामाजिक आदर्शका प्रथम व्याख्यता रहेको अवधारणा प्रस्तुत गरेका छन् । यस सम्बन्धमा माधव घिमिरे (२०७१, पृ. ङ) ले भानुभक्तको रामायण कृतिको प्रकाशीयमा उनले आफ्ना काव्यकृतिका माध्यमले नेपाली जातिलाई एकताको सूत्रमा बाँधेर राख्ने बलियो डोरी प्रदान गरेको दृष्टिकोण प्रस्तुत गरेका छन् । लक्ष्मण गौतम (२०७२, पृ. ५८) ले भानुभक्त दुई सय वर्ष नामक कृतिको चौध अञ्चलमा *भानु द्विशतवार्षिकी* नामक शीर्षकमा अब हाम्रा आदिकविलाई विश्वभरका नेपालीहरूमाझ धड्कनका रूपमा स्थापित गराउनु आजको टड्कारो आवश्यकता देखिएको छ भन्ने अवधारणा प्रस्तुत गरेका छन् ।

प्रस्तुत कृतिका विषयमा *भानु विमर्श* नामक ग्रन्थमा उषा ठाकुर (२०७२, पृ. ९३)ले *तुलसीकृत रामचरितमानस र भानुभक्तीय रामायणसँग त्यसको सम्बन्ध* शीर्षकमा राम चरित मानस र भानुभक्त रामायणको तुलनात्मक अध्ययन गर्ने क्रममा यी दुवै महाकाव्य काल र देशका सीमाबाट मुक्त भएर सार्वकालिक र सर्वदर्शीय रूपमा महत्त्वपूर्ण देखापर्ने विचार व्यक्त गरिएको छ । यसै कृतिमा कविता लामा (२०७२, पृ. १२४) ले भारतमा कवि भानुभक्तको प्रभाव शीर्षकमा कवि भानुभक्तको काव्यिक महिमालाई स्पष्ट पार्दै कवि भानुभक्तको काव्यगत वैशिष्ट्य,भाषागत कलात्मकताको प्रभाव अनि रामायणको प्रभाव भारतीय नेपाली साहित्य तथा विश्व साहित्यमा नै अमिट भएर रहेको छ भन्ने अवधारणा प्रस्तुत गरिएको छ । चुडामणि बन्धु (२०७२, पृ.२०० ) ले आदिकवि भानुभक्त आचार्यको नेपाली भाषा रामायण नेपाली समाजका निम्ति ठूलो उपहार रहेको अवधारणा प्रस्तुत गरेका छन् । मोदनाथ प्रश्रित (२०७२, पृ. २१८) ले मीमांसाको मान्यता अनुसार यस लोकमा गरिएका कर्मको फलको उपयोग परलोकमा गर्न सकिन्छ । भानुभक्तीय रामायणमा यी सत्यहरूको उपयोग जतातत‍ै भएको अवधारणा प्रस्तुत गरेका छन् ।

प्रस्तुत महाकाव्यका सम्बन्धमा राजेन्द्र सुवेदी (२०७२, पृ. ३४१ ) ले *भानुभक्त आचार्यका रचनामा हास्यव्यङ्ग्य चेतना* शीर्षकमा नेपाली कविता काव्यको परम्परामा प्राथमिक कालको समयवृत्तमा काव्यात्मक संवेदनापूर्ण शिष्ट हास्यका माध्यमबाट व्याजोक्तिपूर्ण शिष्ट हास्यव्यग्यपूर्ण कलात्मक प्रस्तुति रहेको दृष्टिकोण प्रस्तुत गरेका छन् । वासुदेव त्रिपाठी (२०७२, पृ. ४७४) ले हामी भानुभक्त पढेर शिक्षा सुरु गर्दछौँ; र उनलाई हेला गरेर समाप्त गर्ने गर्छौं; तर बुझ्नेहरू आफ्नो घरको बत्तीमा मोहनी देख्तछन्, भन्ने कुरा बताएका छन् । यसै ग्रन्थमा सत्यमोहन जोशी (२०७२, पृ. ४८०) ले दक्षिण पूर्व एसियामा रामायाणको जुन महत्त्वपूर्ण भूमिका रही आएको थियो त्यसमा हाम्रा छिमेकी मुलुक भारतको बरोदाको पूर्वीय प्रतिष्ठानमा ...नेपाली भाषामा रचना गरिएको भानुभक्तीय रामायण पनि थपिन पुगेकोमा नेपाल राष्ट्रको भाषिक ,धार्मिक, र सांस्कृतिक प्रतिष्ठा पनि थपिन पुगेकोमा नेपाल राष्ट्रको भाषिक, धार्मिक र सांस्कृतिक प्रतिष्ठा पनि संवत : सगरमाथाझैँ उच्च हुन पुगेको अवधारणा प्रस्तुत गरेका छन् ।

प्रस्तुत महाकाव्यका विषयमा महादेव अवस्थी (२०७२, पृ. ५०९) ले *भानुभक्त र भानु* नामक शीर्षकमा भानुभक्तका कविताकाव्यका अनेक पक्षवारे बहुविध सैद्धान्तिक वा अवधारणात्मक आधारको प्रयोग गरी वस्तुनिष्ठ ढङ्गले प्रमाणिक अध्ययन अनुसन्धान गर्न सकिने स्रोत तयार भएको बताएका छन् । पवन प्रधान ( सन्२०२२ पृ .१३) ले समकालीन साहित्य प्रतिष्ठान् वेलायतद्वारा प्रकाशित *समकालीन साहित्य* नामक पत्रिकाको *भानुभक्तीय रामायणमा वेदान्त दर्शनको प्रभाव* शीर्षकमा भानुभक्तीय रामायणमा कवि भानुभक्तले विविध प्रसङ्गहरूमार्फत् आफ्ना काव्यकृतिमा वेदान्त दर्शनकै महिमालाई प्रतिपादन गरेको तर्क प्रस्तुत गरेका छन् भनेका छन् । यसै क्रममा नवीन (पौड्याल सन् २०२३, पृ ८) को *भानुभक्त आचार्यको रामायणको महत्त्व र रामकाव्य परम्परा* शीर्षकको लेखमा भानुभक्तको कृतित्वमाथि केही राष्ट्रिय-अन्तराष्ट्रिय सङ्गोष्ठी पनि सम्पन्न हुने गरेको अवधारणा प्रस्तुत गरेका छन् । भानुभक्त र उनका कृतित्वका विषयमा गरिएका यी अध्ययन व्यक्ति, कृति र योगदानको परिचर्चामा केन्द्रित छन् । यी अध्ययनले रामायण महाकाव्यको वस्तुसौन्दर्य र योगदानका विषयमा विमर्श गरे पनि वेदान्त दर्शनले निर्देशित गरेको बन्धन र मोक्षसम्बन्धी अवधारणाका आधारमा मात्र रहेर यसको अध्ययन नभएको रिक्तताको पुष्टि गरेको छ ।

वेदान्तीहरूका विचारमा जब जीव संसारिक लोभ, ईर्ष्या, द्वेष, घमण्डभित्र रहेर कर्म गर्दछ, तब जीव इन्द्रियहरूको बसमा रहेका हुन्छन् भन्ने अवधारणा व्यक्त भएको पाइन्छ । इन्द्रियले जीवमाथि आफ्नो अधिकार जमाउन सफल भएका बेला जीव बन्धनमा पर्छन् भन्ने धाराणा रहेको छ । आत्माले आफ्नो वास्तविक स्वरूप मुक्त, नित्य, शुद्ध, चैतन्ययुक्त र अविनाशी छ भन्ने चिन्दछ, त्यतिखेर जीव मुक्त रहेको हुन्छ भन्ने बताएको पाइन्छ । बन्धनको कारण मोहमा परेको जीवले मोक्षको उपाय ज्ञान हो भन्ने थाहा भएपछि आत्मा ब्रह्ममा एकीकृत हुन्छ र जीवले आफ्नै प्रयासले मोक्ष प्राप्त गर्न सक्दछ भन्ने बताएको छ । सदेह अवस्थामा रहेको जीवनमुक्त व्यक्तिले आफ्नो स्थूल र सूक्ष्म शरीरलाई त्यागेपछि मात्र विदेह मुक्त हुन्छ भन्ने मान्यता वेदान्त दर्शनको रहेको छ । यस्तो किसिमको मोक्षका विषयलाई लिएर सदेह र विदेह दुई प्रकारका हुन्छन् भन्ने स्थापित वैचारिक धारणाका अधारमा रामायणको अध्ययन गर्नसकिने आधार प्राप्त हुन्छ । पूर्वीय दर्शनमा विशेषतः बन्धन र मोक्ष चिन्तनका आधारमा साहित्यिक कृतिको अध्ययन, अनुसन्धान, विश्लेषण गर्न चाहने जिज्ञासु तथा प्राज्ञिक जगत्मा यस किसिमको लेखले आंशिक मार्गदर्शन गर्ने भएकाले यसको औचित्य र महत्त्वलाई पनि पुष्टि गर्दछ । यस लेखमा भानुभक्तीय रामायणको वैचारिक पक्षलाई ध्यानमा राखी त्यसमा अभिव्यक्त बन्धन र मोक्ष पहिल्याउने कार्य गरिएको छ भने यही नै यसको सीमाङ्कन पनि रहेको छ ।

## समस्याकथन

बन्धन र मोक्ष चिन्तनसम्बन्धी मान्यतालाई आधार बनाई भानुभक्तीय रामायणमा यी चिन्तन कसरी प्रतिविम्बित भएका छन् भनी ठम्याउनु प्रस्तुत शोधको मुख्य समस्या रहेको छ । भानुभक्तीय रामायणका सम्बन्धमा गरिएका पूर्वाध्ययनले यसमा बन्धन र मोक्षसम्बन्धी दर्शनको प्रयोग भएको विषयको उठान भए पनि त्यसैमा केन्द्रित भई नगरिएको अध्ययनको रिक्तताको पूर्ति हुने यस लेखमा मुख्य समस्यासँग सम्बन्धित शोधसमस्या निम्नानुसार रहेका छन् :

(क) भानुभक्तीय रामायणमा वेदान्त दर्शनको स्वरूप केकस्तो छ ?

(ख) भानुभक्तीय रामायणमा बन्धन चिन्तनलाई कसरी प्रस्तुत गरिएको छ ?

(ग) भानुभक्तीय रामायणमा मोक्ष चिन्तन किन प्रस्तुत गरिएको छ ?

भानुभक्तीय रामायणमा बन्धन र मोक्षसम्बन्धी चिन्तनलाई ठम्याउनु नै प्रस्तुत लेखको मूल उद्देश्य हो । भानुभक्तीय रामायणमा वेदान्त दर्शनको के कस्तो प्रभाव परेको छ भन्ने कुरा पहिल्याउनु प्रस्तुत कृतिको प्रमुख अनुसन्धेय विषय रहेको छ । भानुभक्त पूर्वीय दर्शनबाट प्रभावित भएर काव्य रचना गर्ने कविका रूपमा रहेका छन् ।

उनका काव्यकृतिहरूका बारेमा विभिन्न अध्येताहरूबाट चर्चा, परिचर्चा र व्याख्या– विश्लेषण भएतापनि वेदान्तद्वारा प्रतिपादित बन्धन र मोक्षसम्बन्धी चिन्तनका आधारमा केन्द्रित रहेर हालसम्म उपर्युक्त रामायणको गहन अध्ययन हुन नसकेका सन्दर्भमा प्रस्तुत अनुसन्धानात्मक कार्यमा उक्त मान्यताका आधारमा विवेचना गरिएकाले यो विषय औचित्यपूर्ण रहेको छ । मानिसको मन जब मोहबन्धनले छटपटाउन थाल्छ । यसबाट चित्तलाई मोहबन्धनबाट मुक्त गराउन उसले चर्मचक्षु, ज्ञानेन्द्रिय, कर्मेन्द्रियलाई बसमा राखेर मुक्त अवस्थामा रहनुपर्छ भन्ने तथ्य प्रकट गरिएको छ । यो अवस्थाको चिन्तन वेदान्त दर्शनमा गरिएको छ । यही कोणबाट भानुभक्तीय रामायणमा प्रतिबिम्बित बन्धन र मोक्षको पहिचान गरि व्याख्या विश्लेषण गर्नु यस लेखको औचित्य रहेको छ । प्रस्तुत लेख भानुभक्तीय रामायणमा अभिव्यक्त बन्धन र मोक्षसम्बन्धी वैचारिक पक्षको निरूपण गर्ने कुरामा केन्द्रित छ । वैचारिक दृष्टिले हेर्दा भानुभक्तीय रामायण वेदान्त दर्शनका विविध पक्षहरूमध्ये बन्धन र मोक्षसम्बन्धी चिन्तनमा मात्र केन्द्रित रही रामायणमा व्यक्त भएको तत्सम्बन्धि चिन्तनलाई ठम्याई यसको विश्लेषण गर्नुमा नै यस लेखको मुख्य सीमाङ्कन रहेको छ ।

## शोधविधि

प्रस्तुत शोधकार्यका निम्ति मुख्यत: पुस्तकालयीय अध्ययन गरी सामग्रीहरूको सङ्कलन गरिएको छ । सङ्कलित प्राथमिक स्रोतका रूपमा रामायण महाकाव्य र द्वितीयक स्रोतका सामग्रीका रूपमा वेदान्त दर्शनसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, लेख, अनुसन्धानपत्र गोष्ठीपत्र र अनुसन्धानात्मक जर्नलमा प्रकाशित लेखका साथै यस महाकाव्यका विषयमा गरिएका अध्ययनलाई उपयोग गरिएको छ । गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा पाठविश्लेषण विधिका आधारमा सङ्कलित सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस लेखमा सामग्रीको विश्लेषणका लागि विवेचनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ भने यसको सैद्धान्तिक आधार र अवधारणाका रूपमा पूर्वीय दर्शनमा प्रस्तुत गरिएको बन्धन र मोक्षचिन्तनलाई उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

वेदान्त दर्शनमा बन्धनसम्बन्धी मान्यता प्रस्तुत भएको छ । 'बन्धन' संस्कृतबाट नेपालीमा आएको शब्द तत्सम हो । यसको अर्थ कुनै पनि विषय वा सोचलाई निश्चित घेराभित्र राख्नु भन्ने बुझिन्छ । बन्धन शब्दको प्रचलन अज्ञानको अवस्था,आफ्नो स्वरूपको विस्मिति अवस्था, परमार्थदेखि पृथक् अवस्था आदि अर्थमा भएको पाइन्छ । वेदान्तमा मायाको आवरणलाई बन्धन भनिएको छ । मायाको आवरणले गर्दा सत्य छोपिएको हुन्छ । व्यावहारिक दृष्टिकोणबाट देखिएका, बुझिएका र सुनिएका तथ्यहरू पारमार्थिक दृष्टिकोणबाट भ्रम, बन्धन वा मायाका रूपमा पारिभाषित भएका छन् । बन्धनका विषयमा उपनिषद्, ब्रह्मसूत्र र गीतामा विभिन्न किसिमका परिभाषा दिइएको छ । वेदान्तीहरूले मायाको आवरणलाई जीवात्माको बन्धन मानेका छन् । मायाले वास्तविकतालाई ढाकेर अवास्तविक वा असत्यको उद्घाटन गरेको छ । मायाको वास्तविक स्वरूप नै असत्य , झुटो , भ्रम हो भन्ने चिनिएको छ ।

सत्य ब्रह्म हो, त्यही ब्रह्ममा मायाले पर्दा लगाइदिन्छ । मायावी पर्दाका कारण डोरीमा सर्पको भ्रम उत्पन्न हुन्छ भन्ने धारणा वेदान्तीहरूले राखेका छन् । जबसम्म जीवमा यस्ता तथ्यको बोधसम्बन्धी चेतनाको विकास हुँदैन तबसम्म जीव बन्धनमा परिरहन्छ भनिएको छ । डोरी देखेर पनि सर्प नै हो भन्ने विश्वासले जीव डराइरहेको हुन्छ । त्यही अवस्थालाई माया भनिएको छ । मायाको कारण नै जीव बन्धनमा परेको हो भनी शाङ्कर वेदान्तले प्रमाणित गरेको छ । जगत्को कारण पनि माया नै भनेको छ । मायाले नै नानारूपात्मक जगत्लाई प्रदर्शित गराउँछ (न्यौपाने, २०७२, पृ.३७) । भन्ने तथ्यको यहाँ उद्घाटन भएको छ । आफूलाई शुभाशुभ कार्यको कर्ता भोक्ता सम्झेर देहले इन्द्रियसँग तादात्म्य राखिराख्नु बन्धन हो । यसरी बन्धनका विषयमा वेदान्तमा विभिन्न व्याख्या गरिएका छन् । यसैगरी जीवका विषयमा पनि वेदान्त दर्शनमा स्पष्ट धारणा रहेको छ । आत्मामा शरीर, इन्द्रिय मनको पर्दा लागिसकेपछि आत्मा पनि जीव झैँ प्रतीत हुन्छ । अज्ञानको पर्दा नहटेसम्म हरेक मानवले चैतन्य स्वरूप आत्मालाई चिन्न सक्दैन । यसै प्रसङ्गलाई

विवेक चूडामणिमा स्पष्ट पार्दै भनिएको छ । घैँटामा रहेको जलमा प्रतिविम्बित सूर्यलाई देखेर मूर्खले त्यही सूर्य हो भन्ने ठान्छ । त्यस्तै अविद्याले गर्दा अनन्त भावले आत्मा विकल्पित हुन्छ (गिरी, २०५१, पृ.११४ ) भनिएको छ । आत्माको शरीरसँग आफ्नोपनको बोध भइरहने अवस्थालाई आसक्ति वा बन्धन भनिन्छ । आत्मा अज्ञानबाट वशीभूत भएर अविद्याको आवरणले ढाकेर दुःखको जालमा परेको हुन्छ (चालिसे, २०६९, पृ.८०) । यसरी दुःखका जालमा पर्ने कारक तत्त्वहरू विविध रहेका छन् । तीबाट छुट्नु मोक्ष हो । तिनका बारेमा पनि वेदान्तमा विवेचना गरिएको छ ।

वेदान्त दर्शनको अर्को महत्त्वपूर्ण विषय मोक्ष चिन्तन हो । संस्कृत भाषाको `मुच्' धातुबाट मोक्ष शब्द बनेको छ । मोक्षको शाब्दिक अर्थ दुःखको पन्जाबाट छुट्नु अथवा मुक्ति वा कैवल्य रहेको छ (पोख्रेल र अन्य, २०५८ पृ.३६०) । मोक्षलाई पूर्वीय दर्शनमा आ-आफ्नै किसिमले परिभाषित गरिएको छ । पूर्वीय षट्दर्शनमध्ये वेदान्त दर्शनमा मोक्षलाई ब्रह्मप्राप्तिको अवस्था मानिएको छ । मोक्षका सम्बन्धमा विद्वान्हरूले आ–आफ्नो किसिमको परिभाषा दिएका छन् । वेदान्त दर्शनका अनुसार ब्रह्म साक्षात्कार, अविद्यानिवृत्ति, प्रपञ्चविलय र मोक्ष प्राप्ति एकै साथ हुन्छ भनिएको छ । यसै प्रसङ्गमा ब्रह्मसूत्रमा भनिएको छ : “श्रुतयो ब्रह्म विद्यान्तरं मोक्षं दर्शयन्त्यो मध्ये कायन्तिरं वारयन्ति ।” ज्ञानको फल भनेको अज्ञानको निवृत्ति मात्र हो । मोक्ष प्राप्ति हुँदा न केही प्राप्त हुन्छ, न केही गुमाउनु नै पर्छ केवल अविद्याको निवृत्ति हुनेबित्तिकै मोक्षमा पुगिन्छ । “अविद्या निर्वृत्तिरेव मोक्षः ।” मोक्ष अवस्थामा जीव नित्य अशरीत्व रहन्छ । अशरीर भनेको देहको अभाव भन्ने होइन, बरु देहसँग सम्बन्धविहीन भनिएको हो । यही नै जीवनमुक्त अवस्था हो । मोक्ष विकाररहित हुन्छ, यो नित्य हुन्छ, स्वयं प्रकाशमान् हुन्छ । मोक्षमा मोक्षो विषयवैरस्यं बन्धो वैषायिको रसः एतावदेव विज्ञानं यथेच्सि तथा कुरु ॥ २॥विषयको अनुराग हटाउनु मोक्ष हो भने बढाउनु बन्धन हो, यही नै सारभूत रहस्य हो , अब तिमी जे चाहन्छौ त्यो गर । मोक्ष चाहन्छौ भने विषयप्रतिको अनुराग हटाऊ, बन्धन चाहन्छौ भने बढाऊ ।

वेदान्त दर्शन मानव मोक्ष कसरी हुन्छ भन्ने विषयमा केन्द्रित छ । (रिसाल २०७१पृ.२२०) यसरी मोक्षलाई चिनाइएको पाइन्छ । मन एव मनुष्याणां कारणं बन्धमोक्षयोस । बन्धाय विषयासक्तं मुक्तयै निर्विषयं स्मृतम् ॥ (शाष्ट्यायनीयोपनिषद १) । मनुष्यका लागि मन नै मोक्ष र बन्धनको कारण हो । विषयमा आसक्त हुनुबाट बन्धनमा परिन्छ र मनमा विषय भएन भने मुक्त भयो (रिसाल,२०७१, पृ.२२१) । यसै प्रसङ्गमा अष्टावक्र गीताको सार सङ्क्षेपको अनुवाद गर्ने क्रममा स्वयम् रिसालले जीवनमुक्त योगका बारेमा चर्चा गरेका छन् : "ममा छ भन्ने र छैन भन्ने भावना पनि ममा छैन । यो धैरै कुरा बोलेर पो के काम ? ममा केही पनि छैन । (रिसाल २०७०) का अनुसार ... जीव, जगत्, माया, ईश्वर, ब्रह्म आदि पनि अज्ञानीको अनुभवलाई अनुवाद गरेर भनिएको हो । परमार्थमा आफूमात्र छु अनि मभित्र अखण्ड परिपूर्ण, शाश्वत, सनातन, अद्वैत र आनन्द मात्र छ (पृ.४३९) । यसै प्रसङ्गलाई स्पष्ट पार्दै भनिएको छ : “ब्रह्म साक्षात्कार, अविद्या निवृत्ति, प्रपञ्च विलय मोक्ष प्राप्तिमा अन्तर हुँदैन । आत्मज्ञानले मोक्षलाई फल या कार्यका रूपमा उत्पन्न गर्दैन । आत्मज्ञानको फल मोक्ष अविद्याको निवृत्ति मात्र हो । वस्तुतः ज्ञान कारक नभएर प्रकाशक या ज्ञापक मात्र हुन्छ किनभने ज्ञान कार्यव्यापार होइन, अतः ज्ञानको फल अज्ञानको निवृत्ति मात्र हो । जसरी प्रकाशबाट स्वतः अन्धकारको निवृत्ति हुन्छ त्यसरी नै ज्ञानबाट स्वतः अज्ञानको निवृत्ति हुन्छ । नित्य सच्चिदानन्द स्वरूप आत्मा वा ब्रह्मको अपरोक्षानुभूति नै मोक्ष हो (शर्मा, २०७१, पृ.५६) । भनिएको छ । यसरी वेदान्त दर्शनमा बन्धन र मोक्षको स्वरूपको चर्चा गरिएको छ । यही सैद्धान्तिक आधार र अवधारणाको अभिव्यक्ति पाइने भानुभक्तीय रामायणमा वेदान्त दर्शनका बन्धन र मोक्ष चिन्तन अभिव्यक्त भएका छन् । यस लेखमा यही विषयलाई केन्द्रमा राखी तिनको विश्लेषण गरिएको छ ।

## परिणाम र विमर्श

प्रस्तुत अनुसन्धानमा भानुभक्तीय रामायणमा अभिव्यक्त बन्धन र मोक्ष चिन्तनलाई वैदिक, उपनिषदिक तथा वेदान्तीय दृष्टिकोणका आधारमा विश्लेषण गर्दा यो कृति केवल धार्मिक आख्यानमा सीमित नभई गहन दार्शनिक चेतनाले सम्पन्न महत्त्वपूर्ण काव्यकृति रहेको निष्कर्ष प्राप्त भएको छ । कृतिमा बन्धनको स्वरूप अज्ञान, मोह, माया, अहंकार, लोभ तथा विषयासक्तिसँग सम्बन्धित रहेको देखिन्छ भने मोक्षलाई धर्मपालन, सत्यनिष्ठा, भक्ति, आत्मसंयम,

त्याग तथा ईश्वरप्रतिको समर्पणमार्फत् प्राप्त हुने आध्यात्मिक मुक्तिका रूपमा चित्रण गरिएको पाइन्छ । राम, सीता, लक्ष्मण तथा भरतजस्ता पात्रहरूले आदर्श आचरण, कर्तव्यनिष्ठा र भक्तिभावद्वारा मोक्षमार्गको प्रतिनिधित्व गरेका छन् भने रावण तथा अन्य पात्रहरू सांसारिक मोह र अहंकारजन्य बन्धनका प्रतीकका रूपमा प्रस्तुत भएका छन् । यस अध्ययनबाट भानुभक्त आचार्य ले संस्कृत रामायण परम्परामा निहित दार्शनिक चिन्तनलाई सरल नेपाली भाषामा रूपान्तरण गरी नेपाली समाजमा नैतिकता, धार्मिक आस्था तथा आध्यात्मिक चेतनाको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको तथ्य स्पष्ट भएको छ । त्यसैगरी कृतिमा अद्वैत वेदान्त, जीव–ब्रह्म सम्बन्ध तथा मायावादको प्रभाव पनि स्पष्ट रूपमा प्रतिबिम्बित भएको पाइन्छ । संसारलाई क्षणभंगुर तथा ईश्वरलाई शाश्वत सत्यका रूपमा प्रस्तुत गर्दै मानव जीवनलाई नैतिक, आध्यात्मिक र सांस्कृतिक दृष्टिले परिष्कृत बनाउने उद्देश्य कृतिमा अभिव्यक्त भएको देखिन्छ । समग्रतः भानुभक्तीय रामायणमा अभिव्यक्त बन्धन र मोक्ष चिन्तनले व्यक्तिगत आत्मशुद्धि, सामाजिक सद्भाव, मर्यादा तथा आदर्श जीवनपद्धतिको निर्माणमा प्रभावकारी बनेको छ । यस अनुसन्धानले नेपाली साहित्यमा दार्शनिक अध्ययनको क्षेत्रमा नयाँ दृष्टिकोण प्रदान गरेको छ । विशेषतः भानुभक्तीय रामायणलाई केवल भाषिक वा धार्मिक कृतिका रूपमा नभई मोक्षदर्शन, नैतिकता तथा आध्यात्मिक चेतनाको आधारग्रन्थका रूपमा अध्ययन गर्न सकिने सम्भावना चित्रण गरेको छ । साथै आधुनिक समाजमा नैतिक विचलन, भौतिकतावाद तथा आत्मकेन्द्रित प्रवृत्ति बढिरहेको अवस्थामा भानुभक्तीय रामायणले मानवलाई सत्य, धर्म र आत्मशुद्धितर्फ उन्मुख गराउने सशक्त सन्देश प्रदान गरेको छ ।

## भानुभक्तीय रामायणको वस्तु निर्मितमा बन्धन र मोक्ष चिन्तन

प्रस्तुत लेख भानुभक्तीय रामायणमा वेदान्त दर्शनद्वारा प्रतिपादित गरिएको बन्धनसम्बन्धी मान्यतामा आधारित छ । वेदान्त दर्शनले कुनै पनि जीवमा जब म मुक्त हुँ आनन्दस्वरूप आत्मा हुँ भन्ने भाव हटेर संसार मेरो हो, संसार मेरा लागि बनेको हो भन्ने विचार उत्पन्न हुन्छ, त्यसपछि ऊ बन्धनको घेरामा पुग्ने मान्यता स्थापित गरेको छ । जीव बन्धनमा पुग्ने विविध माध्यमहरू हुन्छन् । ती माध्यम प्रेम, माया, मोह, सन्ताप, स्मृति, धनको मोह, घमण्ड, पुनर्जन्म, भौतिक वस्तुको मोह, आशा र भ्रम तथा मिथ्या ज्ञान र कर्म हुन् । यी सम्पूर्ण माध्यम नै बन्धनलाई बलियो बनाउने तत्त्व हुन् । यस्ता तत्त्वबाट पन्छनका लागि मानिसमा यी हानिकारक हुन् भन्ने ज्ञान हुनुपर्छ । त्यो ज्ञान भएन भने जीव बन्धनमा पर्दछ । बन्धन उत्पन्न हुने कारण नै अज्ञान हो भन्ने विषयलाई वेदान्तमाले बताएको छ । यही अज्ञानका विषयको प्रभाव रामायणमा पनि चर्चा गरिएको छ । यसरी अज्ञानताका कारण मनुष्य बन्धनमा पर्छ भन्ने चिन्तन रामायणमा प्रस्तुत भएकाले यही बन्धन र मोक्षका आधारमा भानुभक्तीय रामायणको वस्तुविश्लेषण गरिएको छ ।

भानुभक्त रामायण वेदान्त दर्शनमा आधारित महाकाव्य हो । यस महाकायको विषयवतुलाई पूर्वीय महाकाव्य परम्परा अनुरूप शास्त्रीय छन्दमा लेखिएको छ । महाकाव्यको विषय उठानको प्रारम्भिक भागमा नै वेदान्त दर्शनले प्रतिपादन गरेको रामको सदेह र विदेह सत्ताको चित्रण गरिएको पाइन्छ । यस महाकाव्यको मङ्गलाचरण प्रथम वालकाण्डबाट सुरु भएर सातौँ उत्तर काण्डमा राम र सीताको जीवन मुक्त कैवल्य प्राप्ति वा विदेह मोक्ष अवस्थमा पुगेर समापन भएको छ । प्रस्तुत महाकाव्यमा बालकाण्ड ब्रह्मको आरधनाबाट शुरू गरिएको छ । यस महाकाव्यमा आदर्श पात्रका रूपमा राम रहेका छन् । यस काण्डमा नारद लोकको हित गर्न भनी कलियुगको र त्यस समयका मानिसमा देखिने प्रवृतिहरूको दुराचारलाई सङ्केत गर्दै निस्किएका छन् । त्यस्ता दुराचारी, माया, मोहका कारण संसारमा दुःख भोगीरहेका प्राणीहरूको उद्दार कसरी हुन सक्छ भन्दै नारद ब्रह्मकासामु परेका छन् । दुःखहर्ता ,सुखकर्ता राम नै सदेह र विदेह ब्रह्मका रूपमा प्रतिस्थापित पात्र बनेका छन् ।

प्रस्तुत महाकाव्यमा राम र रामायणको अर्थ बुझ्नाले जीव मुक्त अवस्थामा पुग्ने कुरा यहाँ बताइएको छ । राम शरीर धारण गरेर सदेह मुक्त अवस्थामा संसारको दुःख कष्ट हर्न भनी धर्तीमा आएका हुन् सबै देवि देवताले सम्म उनको नाम र कर्मको स्मरण गर्ने गरेको कुरा यहाँ बताइएको छ । राम ब्रह्मसमान भएर भू-भार हर्न क्यैवल्य मुक्तिमा रहँदै बसेको

चर्चा गरिएको छ। रामको जीवन विस्तार गरेर सीता र रामको बिबाहसम्म वर्णन गरेर यो काण्ड समापन भएको छ। राम र सीता दुवै जीवन मुक्त आनन्दस्वरूपका रूपमा रहेकाले, संसारले उनीहरूमा देखिएको चिन्ता त सूर्यलाई वादलले छोपे जस्तै भ्रमका रूपमा देखिएको हो। मायाले छोपे पनि राम नै आफू ब्रह्मज्ञानका कारण सदेह र विदेह मोक्षका रूपमा रहेर कार्य गर्न सक्ने ब्रह्म सत्ता भएको तथ्य यस काण्डमा रहेका काव्यात्मक अभिव्यक्तिद्वारा प्रष्ट हुन्छ।

प्रस्तुत महाकाव्यको द्वितीय काण्डका रूपमा अयोध्याकाण्ड रहेको छ। यस काण्डमा रामको राज्यारोहण र वन प्रस्थानको चर्चा गरिएको छ। पुत्र मोह ,माया र भ्रमका कारण कैकेयीले रामलाई वनवास र भरतलाई राज्यको माग गरेकि छिन्। राम कार्य-कारण सम्बन्धमा संसारको हित गर्न वनवास जानुपर्ने बताउँदै चौध वर्षका लागि वनवासमा निस्किरहेका छन्। दशरथले पत्निमोहमा परेर वचनबद्ध भएकाले रामलाई वनवासको घोषणा गरेका छन्। पिताका वचन पूरा गर्न श्रीराम वनवास जाने अवस्थमा भरतले दाजुप्रतिको ममताकारण मोह र बन्धनमा परि रोइ कराई गरेर रामलाई वनवास जानबाट रोक्न खोजेका छन्। रामले सम्पूर्ण परिवारलाई सम्झाई बुझाई भरत र सीता सहित सदेहमुक्त हुँदै वन प्रस्थान गरेको विषयवस्तुमा पुगेर यो काण्ड समापन भएको छ।

प्रस्तुत महाकाव्यको तृतीय काण्डका रूपमा आरण्य काण्ड रहेको छ। यसकाण्डमा रामलाई विभिन्न नररूपधारी राक्षसहरूले दुःख दिएको तथ्य उल्लेख गरिएको छ। रावणले स्त्री मोहका कारण बन्धनमा परेर सीतालाई साधुभेष गरेर छलेर हरण गरेको छ। उता सीतामा संसारि वस्तुको मोहले सुनको हरिणप्रति मन खिचिएको तथ्य देखाइएको छ। सुर्पणाखाले रामको रूप देखेर आशक्त रहँदै रामलाई पतिकारूपमा अप्नाउने मोह व्यक्त गरेकि छिन्। लक्षमणले भाउजू सीताप्रति अन्याय गर्न खोजेकि सुर्पणाको ईर्ष्या र रागका कारण नाक काटिदिएका छन्। राममा पनि रावणले सीताको हरण गरेपश्चात ठुलो चिन्ता परेको अवस्था यहाँ देखाइएको छ। राम विदेह स्वरूप भएर सम्पूर्ण जगत्मा भएको भार हर्न निस्किएका छन्। सूर्यलाई ग्रहण र वादलले छोपे जस्तै सांसरिक मोह,भ्रमका कारण राम पनि बन्धनमा परेको तथ्य यस काण्डमा देखाइएको छ।

प्रस्तुत महाकाव्यको चतुर्थ काण्डका रूपमा किष्किन्धा काण्ड रहेको छ। यसकाण्डमा सवरीलाई आफ्नो ब्रह्मस्वरूपको दर्शन रामले दिएका छन्। यहाँ बालीलाई उसले गरेका कर्मका कारण बध गरिएको छ। बाली मृत्युपश्चात पत्नी तारा चिन्तित बनेकि छिन्। ताराको चिन्ता, मोह,अनि मायामोहको बन्धन अज्ञानताका कारण उत्पन्न भएको बताइएको छ। ताराको विलापको अवस्थाले माया र मोहबाट उत्पन्न हुने तापको परिचय दिएको छ। उक्त अवस्थालाई रामले तत्त्वज्ञान ,आत्माको अमरत्वको चर्चा गर्दै शान्त बनाएका छन्। हनुमान्,सीताको खोजमा निस्कँदै अज्ञानतामाथि ज्ञान र असत्यमाथि सत्यको विजय गराउने तथ्यले राममा विदेहस्वरूपको शक्ति प्रदर्शन भएको छ।

प्रस्तुत महाकाव्यको पाचौँ काण्डका रूपम सुन्दर काण्ड रहेको छ। यसमा हनुमान्को सदेहस्वरूपको पराक्रम देखाइएको छ। मायारूपधारी रावणको अत्याचार र सीतामाथि राक्षस रूप लिएर दिएका दुःख कष्ट ,सीताको पतिभक्ति र हनुमानको राम र सीताप्रतिको समर्पणका कारण रावण राज्यको अन्त्यको सुरु भएको परिवेशको चित्रण यहाँ गरिएको छ। प्रस्तुत महाकाव्यको छैठौँ काण्डका रूपमा युद्धकाण्डको रहेको छ। यहाँ आएर राम ब्रह्म शक्तिमा रही रावण राज्यको अन्त गरेका छन्। मोह, बन्धन,ईर्ष्या र शक्तिको अहंकाकारका कारण रावणको अन्त्य गराइएको छ। संसारमा रहेका मानिसमा पद,पैसा,शक्तिले अन्धो बनाउँछ। लोभ र मोहका कारण बन्धनमा रहन्छ अनि उसको सर्वनास र पतन पनि यही कारणबाट हुन्छ भन्ने चरितार्थ यहाँ रहेको छ। रावण राज्यको ध्वंस भएको छ। बन्धनले विध्वंस मच्चाउँछ भन्ने तथ्य यहाँ प्रमाणित भएको छ।

प्रस्तुत महाकाव्यको सातौँ काण्डका रूपमा उत्तर काण्ड रहेको छ। यस काण्डमा रामले सुनको लङ्कामाथि युद्ध गरेर विजय हाँशील गरेका छन्। आफूले बहुमूल्यवान् सुनको लङकामाथि विजय हाँशील गरेता पनि राममा कुनै किसिको मोह रहेको छैन। रावण शत्रु भए पनि आफूमाथि दुःख कष्ट दिने रावणकै भाइ सत्यको पक्षधर भएकाकारण विभिषणलाई लङ्काको राजा बनाएर राम अयोध्या फर्किएका छन्। अयोध्या आगमन पश्चात् रामले राज्यसत्ता

सञ्चालनको सम्पूर्ण कार्यभार आफू लिँदै विदेहरूपमा राज्य सञ्चालन गर्न थालेका छन् । उनको आफ्नो मातृभूमिप्रतिको प्रेमले जनविश्वास जितेको छ । एक आदर्श राजा,आदर्श पुत्रका रूपमा परिचित हुँदै जनहित र कल्याणका लागि उनी समसामयिक परिवेशमा धोवीको शङ्का निवारण गर्न पत्नीसमेत त्याग गर्न पुग्छन् । संसारिक कार्यभार पूरा गरेर सीता सभामा नै मायामोहको भ्रमबाट मुक्त हुँदै देहत्याग गर्दै ब्रह्मलीन विदेह मोक्षमा पुग्छिन् । सीताको ब्रह्मलीनको अवस्था पश्चात राम सीताप्रतिको आत्मिक प्रेमका कारण चिन्तित अवस्था पुग्छन् । आत्माको अमरत्वलाई बुझेका राम शारीरिक देहको अभिमान्बाट पर पुगीसकेकाले राम पनि ब्रह्मलीन हुँदै संसारिक लीला समाप्त गरेर ब्रह्ममा लीन हुन्छन् । यहीँ पुगेर रामको विदेहस्वरूपको परिचय भएको छ । प्रस्तुत महाकाव्यमा वेदान्तले बताएको बन्धन र मोक्षको प्रभाव महाकाव्यका प्रमुख चरित्र राम र सीतमा विशिष्ट रूपमा परेको छ । यसरी यस महाकाव्यमा गृहीत विषयवस्तुमार्फत् कविले वेदान्त दर्शनले निर्देशित गरेको बन्धन, सदेह र विदेह मोक्षसम्बन्धी चिन्तनलाई प्रस्तुत गरेको पाइन्छ जसलाई बन्धन मोक्षका आधारमा महाकाव्यभित्र रहेका प्रतिनिधि श्लोकलाई साक्ष्य बनाएर विशणलेषण गरिएको छ ।

## भानुभक्तीय रामायणमा बन्धन चिन्तन

*भानुभक्तीय रामायणमा* वेदान्तको बन्धनसम्बन्धी चिन्तनको प्रयोग मुख्य विषयका रूपमा प्रस्तुत भएको छ । वेदान्त दर्शनमा बन्धनको मूल कारण अज्ञानता (अविद्या) मानिएको छ । वेदान्त दर्शनअनुसार अज्ञान वा अविद्याका कारण जीव बन्धनमा परेको हुन्छ । अविद्याग्रस्त जीवको दुर्दशा हुन्छ भनी कठोपनिषद्ले अविद्यालाई दुत्कारेको पाइन्छ । घनीभूत अन्धकारसमान अविद्यामा डुबेको मान्छे पुत्र, कलत्र, धन,सम्पत्ति आदि सयौँ प्रकारका तृष्णाका पाशमा बाँधिएका हुन्छन् । तृष्णावान्हरू आफूलाई बुद्धिमान् ठान्छन् । आफूलाई ठुला मान्ने अविवेकी, अविद्याग्रस्त तथाकथित पण्डित आफू त खाल्टामा खसे खसे, त्यस्ताले नेतृत्व गरेको मान्छे जन्म र मृत्युको चक्करमा घुमिरहन्छन् (रिसाल, २०७१, पृ. ९) । अज्ञानका कारण जीवात्मा सांसारिक लोभ–मोहमा फस्दछ, म र मेरो भन्ने भावनाले उसलाई प्रभावित तुल्याइरहन्छ र दुःख, पीडा, भोक, शोक,रोग आदिले उसलाई सताइरहन्छ; यही चिन्तनको प्रभाव भानुभक्तले अनुवाद गरेको रामायणमा परेको छ ।

भानुभक्तको रामायणमा चरित्र र विषय वस्तुमा बन्धन चिन्तनको प्रभाव रहेको छ । वेदान्तीहरूले अनादि युगदेखि मनमा भएका मायाका खेललाई चिन्न सक्नुपर्छ भनेका छन् । मायाको बोध हुनका लागि अज्ञानता हट्नुपर्छ । अज्ञानता बन्धनको कारकतत्त्व हो । रामरूपी आत्मतत्त्वलाई चिन्न संसारको मायालाई पन्छाउन सक्नुपर्छ । माया भ्रम हो भन्ने बोध भएपछि बन्धन हटेर मोक्ष मार्गतिर लाग्न सकिन्छ भन्ने अवधारणा वेदान्त दर्शनमा रहेको छ । यिनै विचारले यस महाकाव्यमा प्रभाव जमाएका छन् । यस महाकाव्यमा विशेष गरी अज्ञानबाट पैदा हुने बन्धनको प्रभाव परेको भेटिन्छ । अज्ञानले गर्दा मानिसले रामतत्त्व चिन्न सकेको छैन । अज्ञान हटेपछि मात्र ब्रह्मज्ञान हुन्छ भन्ने विचार यसमा व्यक्त भएको छ ।

श्रीरामलाई ब्रह्ममय अवस्थामा पुग्नका निमित्त मायाले छेकेको देखाइएको छ । छायाका रूपमा सीता रहेकी छन् । छायारूपी माया सीता श्रीरामसँग रहेकीले श्रीराम स्वयम् बन्धनमा परेका छन् भन्ने विचारलाई निम्न साक्ष्यले पुष्टि गर्दछन् :

> माया मेरि सिता भयेर रहनिन् पुत्री जनकको भई ।
> छोरो भैकन जन्मुला म दशरथजीको अयोध्या गयी॥
> सीतालाइ लिएर पूर्ण गरुँला यो बिन्ति तिम्रो भनी ।
> अन्तर्ध्यान् भगवान् तही हुनुभयो त्रैलोक्यका नाथ पनी ॥ (आचार्य, २०७१, पृ. १२)

प्रस्तुत पङ्क्तिगुच्छमा संसारमा रहेर कार्य गर्नका लागि संसारिक जीवनमा नै रहनुपर्छ भन्ने तथ्य प्रकट गरिएको छ। रामले मायाका रूपमा सीतालाई लिएका छन्। यहाँ राम ब्रह्मज्ञानी भए तापनि भूमिको भार हरण गर्न दुष्चरित्रको नास गर्न शरीर रूप धारण गर्नुपर्ने बताइएको छ। रावण जस्ता चरित्रभित्र रहेको अहङ्कारले युद्ध निम्तिएको छ। अविद्या अज्ञानताबाट मानिसमा दिनप्रतिदिन अँध्यारो र अन्धकारले छाएको देखाइएको छ। लोभ, मोह ईर्ष्या अहंकारबाट मानिस दिन प्रतिदिन कष्ट भोग्दै गएको यथार्थ यहाँ प्रकट गरिएको छ।

संसारमा नखोजे पनि दुःख र सुख मिल्दछ; यसले मानिसलाई बन्धनमा पुऱ्याउँछ; खोज्ने वस्तु भनेको ब्रह्म वा रामतत्त्व हो; यो नखोजी प्राप्त हुँदैन; यसको खोजका लागि बाधा पुऱ्याउने दुःख र सुखलाई हटाउन सक्नुपर्दछ भन्ने कविको विचार रहेको छ। संसार दुःखमय छ। दुःखका कारण र निवारण दुवै छन्। दुःख खोजेर पनि नखोजे पनि मिल्दछ। दुःखलाई हटाउन ब्रह्मबोध गर्नुपर्दछ। राम र ब्रह्म एउटै हुन्। यिनैको माध्यमद्वारा संसारलाई बन्धनबाट छुट्कारा गराउने तथ्य यहाँ प्रकट गरिएको छ। माया र भ्रमलाई सिद्ध गर्न माथिका हरफमा प्रकट भएका वैचारिक तथ्यले काम गरेको छ। मायाका रूपमा सीतालाई लिएर कलियुगमा देखिएका सबै विकार नष्ट गर्न म जन्म लिएर सीताकासाथ पृथिविमा आई सम्पूर्ण कार्य सदेह मुक्त अवस्थामा रहेर गर्ने छु भन्ने तथ्य प्रकट गरिएको छ।

वेदान्तमा पनि जगत्कल्याणका लागि मात्र सदेह मुक्त मानिसले त्याग र समर्पणमा रहेर फलमुक्त भएर कार्य गर्ने कुरा बताइएको छ। रामले यहाँ बन्धनलाई परिभाषित गर्दै मायाका रूपमा सीताको प्रतिबिम्ब दिएका छन्। बन्धनमै रहेर संसारमा रहेका कार्य पनि प्रकट गरेका छन्। तसर्थ माथिका हरफद्वारा वेदान्तीय बन्धन चिन्तन प्रकट भएको तथ्य प्रमाणित भएको छ।

प्रस्तुत महाकाव्यमा भ्रम अज्ञानता,मायाका विषयलाई अझ चिनाउने क्रममा महाकाव्यको चौथो काण्डमा विविध श्लोकका माध्यमद्वारा जीव मनको खेलले गर्दा भ्रममा परेको हुन्छ भन्ने तथ्य प्रकट गरिएको छ। इन्द्रियहरूलाई आफ्ना बसमा राख्न नसक्दा मन अनियन्त्रित हुन्छ। बालीको अन्यन्त्रित कार्यका कारण अन्त भएको छ। उसको अन्त्यका कारण तारामा दुःख उत्पन्न भएको छ। बालीको परलोक भयो भनि खबर् सुनेर ताराले रुँदै गरेको पीडा यहाँ व्यक्त भएको छ। यसबाट मानिसमा अज्ञानताका कारण आत्माको अमरत्व नचिन्दा रहने, उत्पन्न हुने मोह, मोहका कारण उत्पन्न हुने दुःखलाई भानुभक्तको रामायणभित्र रहेकि ताराको विलापबाट देखाइएको छ। जसलाई निम्न साक्ष्यले स्पष्ट परेका छन् :

> बालिको परलोक भयो भनी खबर् सूनिन् र तारा रुँदै
> हा नाथ् आज कहाँ गयौ भनि बहुत विह्वल निरन्तर हुँदै।
> क्या गर्छु अब पुत्र दार घनले भन्दै ती तारा जहाँ।
> बालीको परलोक् भयो यही जगा सोधेर पौचिन् तहाँ॥ (आचार्य, २०७१, पृ.९२)

प्रस्तुत पङ्क्तिगुच्छ बालीलाई श्रीरामले बध गरेपछि तारामा देखिएको चिन्तालाई प्रस्तुत गर्ने सन्दर्भमा अभिव्यक्त भएको छ। बालीको मृत्युले तारा विक्षिप्त बन्दै रुँदै कराउँदै भावविहल बन्न पुगेकि छिन्। उनमा शरिरको मृत्यु अवस्थामा भ्रम र मायाको आशक्तिका कारण शरीर र आत्मा एकै हो भन्ने अनुभूतिका कारण दुःख,पीडा उत्पन्न भएको छ। आफ्नोपनको आशक्तिले ताराले पतिको वियोगलाई सहन सकेकि छैनन्। उनलाई देहको नाससँग सम्पूर्ण जीव तत्त्वको पनि नास हुन्छ भन्ने भ्रमका दुःखले सताएको छ। त्यही दुःखले उनी विचलित बनेकि छिन् उनीभित्र रहेको अज्ञानताका कारण आत्माको अमरता चिन्न नसकेकाले दुःख उत्पन्न भएको तथ्य यहाँ प्रकट गरिएको छ। वेदान्तमा पनि जीव मयाकै कारणबाट भ्रममा पर्छ भनिएको छ। जीव भ्रमकै कारण कष्टमा पुग्दछ भनिएको छ। तसर्थ वेदान्तले बताएको बन्धन चिन्तनलाई माथिको हरफले स्पष्ट गरेको छ।

प्रस्तुत महाकाव्यमा आफूलाई शरिर सम्झिएकाले जीवले भ्रम, दर्द बेहोर्नु परेको तथ्य प्रकट गरेको छ। वेदान्त दर्शनले बाहिरी आवरणलाई,असत्य मानेको छ। सत्यको पहिचान नगर्नु भनेको भ्रम र दुःखपूर्ण जीवनलाई स्वीकार गर्नु हो। कष्ट भोग्नु हो भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ। मानिस शरीर आत्मा एकै भएको अनुभव गरिरहेको हुन्छ। यसलेगर्दा दुःखमा परिरहेको हुन्छ। यस्तो अवस्था सिर्जना हुनुमा मुख्यत : अज्ञानता, सत्ज्ञानको कमीका कारण हो भन्ने वैचारिक अभिव्यक्ति यश काव्यका विविध श्लोकका काध्यमबाट प्रकट भएका छन्। यस्तो अवस्थाको चित्रण निम्न साक्ष्यमा अभिव्यक्त गरिएको छ :

शरीर मै हुम् मेरै धनजनहरू हुन् भनि जसै।
पर्यो मनका खेल्मा तब फजिति मिल्छन् बुझ यसै।
बिना सत्का सङले विनु गुरु कृपाले इ फजिति।
अवश्य छुट्दैनन् सकल मनका खेल नजिति॥ (आचार्य, २०७१, पृ.९५)

प्रस्तुत पङ्क्तिगुच्छले संसारका विषयहरू विष समान हुन्। यसको खेललाई जानेर, बुझेर र गनेर सकिँदैन र भोगेर पनि सकिँदैन। संसार खेल हो; झेल हो। यो बदलिइरहन्छ। यसको अस्तित्व सदा एकनास रहँदैन। त्यसैले संसारी वस्तुको खोजमा रम्नुहुँदैन। काम, धन, मद, मात्सर्यका पछि लाग्नुहुँदैन। यहाँ कोही कामका पछि छन्, कोही धनका पछि छन्, कोही शक्तिका पछि छन् भन्ने प्रसङ्गलाई स्पष्ट पारिएको छ। मनिसले प्रारब्ध भोग्नुपर्दछ। पहिलो जन्ममा जे काम गरिएको हो त्यसको फल नसकिँदासम्म यो जन्ममा पुण्य र पापको भागी भई त्यही अनुरूप कर्मका लागि जन्मिएको हुन्छ । यसलाई हटाउन आत्मातत्त्व र ब्रह्मतत्त्वको भावले सत्कार्यमा लागेको हुनुपर्छ। माया तत्त्वलाई नहटाएसम्म ब्रह्मसाक्षात्कार गर्न सकिँदैन। यहाँ तारा संसारिक मायाको भ्रम र बन्धनमा डुबेकि हुनाले मायाभित्र रहेको अज्ञानताको चर्चा गरिएको छ। यसरी अज्ञानता वा अविद्या नै बन्धनको मूल कारण हो भनी वेदान्त दर्शनमा बताइएको छ। यो अज्ञान वा अविद्या हटेपछि प्रेम, माया, सन्ताप, भ्रम, मोह, घमण्ड, जन्ममरणको चक्र, भौतिक वस्तुप्रतिको आग्रह, सुख सम्पत्ति, मिथ्याज्ञान, कर्मअकर्म आदि सबै हट्छन्। यसरी बन्धनका सबै कारक तत्त्व हट्नका निमित्त ज्ञानको उदय हुनुपर्ने भएकाले अज्ञानता नै बन्धनको मुख्य तत्त्व हो भन्ने मानिएको छ। यही तथ्य वेदान्तमा रहेकाले माथिको भनाई बन्धन चिन्तनका दृष्टिले उपयुक्त बनेको छ। यसरी भानुभक्तीय रामायणमा विभिन्न कोणबाट प्रस्तुत विषयवस्तुले अज्ञानताका कारण जीवभित्र विषयभोग, माया, सन्ताप, धनको मोह, घमण्ड, पुनर्जन्म, भौतिक सुख, मिथ्याज्ञान, कर्म, विकर्म आदि उत्पन्न भएको छ। त्यही तत्त्व नचिन्नु जीवको अज्ञानता हो भन्ने विचार माथिका साक्ष्यमा प्रस्तुत गरिएको छ। तसर्थ बन्धनका विषयमा यिनै मान्यता वेदान्त दर्शनमा रहेको हुनाले भानुभक्तको रामायण बन्धन चिन्तनका दृष्टिले उत्कृष्ट बनेको छ।

**वेदान्त दर्शनमा मोक्ष चिन्तन**

वेदान्त दर्शनमा मोक्षका विषयमा विविध अवधारणा प्रस्तुत गरिएको छ। मोक्षका लागि वासना, शासना सबै त्याग्नुपर्छ भन्ने विषयलाई मुक्तिकोपनिषद्मा बताइएको छ। सत्यको अलोचनाबाट वासना रहँदैन। वासना विलय भएपछि चित्त बत्तीजस्तै बल्दछ। समाधिद्वारा सत्–चित्–सुखात्मक रूप प्राप्त गर्न सकिन्छ। त्यतिखेर जीवले आफ्नो स्थूल र सूक्ष्म शरीर छोडी सकेको हुन्छ। त्यही उत्तमाशय मुक्ति हो (शर्मा, २०७०, पृ. ५१९)। भनिएको छ। यसरी प्राप्त हुने मोक्षका विषयमा वेदान्तमा तीन लक्षणहरू बताइएका छन् :

अविद्या निवृत्ति हुनु नै मोक्ष हो।
ब्रह्मानन्द हुनु पनि मोक्ष नै हो।
अनित्य शरीररहित हुनु पनि मोक्ष हो।

नित्य मुक्ति र जीवन मुक्ति, ब्रह्मैकत्व, तत्त्वमसि जस्ता वाक्यको प्रयोजनमा सदैव मोक्षलाई पर्यायवाची शब्दका रूपमा प्रयोग गरिएको छ । (उपाध्याय, २०६६, पृ.१२६) यसरी प्राप्त हुने मोक्षलाई वेदान्त दर्शनमा सदेह मोक्ष र विदेह मोक्ष दुई वर्गमा विभाजन गरिएको छ ।

## वेदान्त दर्शनमा सदेह मोक्ष चिन्तन

वेदान्त दर्शनअनुसार जीवित अवस्थामा नै मोक्षको अनुभूति गर्नुलाई सदेह मोक्ष भनिएको छ । सारा विषय शक्ति छोडेर चेतन स्वरूपमा स्थित हुनु जीवनमुक्तिको अवस्था हो । यस अवस्थामा काम, क्रोध र वासनाको अन्त भएको हुन्छ । कुनै कुरामा आसक्ति हुँदैन । जो राग द्वेषबाट निवृत्त हुन्छ । जो प्रत्यक्षमा चेष्टा गर्छ तर अन्तस्करणमा वासनाले रहित छ ऊ जीवन मुक्त हो (खड्का, २०७१, पृ. ५१५) । गीतामा जीवनमुक्त अवस्थालाई स्थितप्रज्ञ भनिएको छ । यस अवस्थामा रहेका साधकबारे यसरी चर्चा गरिएको छ : जब मानिसले मानसिक चिन्तनबाट इन्द्रिय तृप्तिका लागि उठ्ने सबै किसिमका इच्छाहरूलाई त्यागिदिन्छ र त्यसरी पवित्र हुन पुगेको उसको मनले आफ्नै आत्मामा परमात्मा चिन्दछ त्यसपछि सन्तुष्टि प्राप्त गर्न थाल्छ अनि मात्र त्यस्तो व्यक्तिलाई पावन तथा दिव्य चेतनामा अवस्थित (स्थितप्रज्ञ) मानिन्छ । तीन तापहरूका बिचमा रहँदा पनि जसको मन विचलित हुँदैन वा सुखमा हुँदा जसको मन मात्तिँदैन र जो डर क्रोध र आसक्तिबाट मुक्त छ, त्यसैलाई स्थितप्रज्ञ वा सन्त भनिने विषय (वादरायण, २०६२, पृ. १५३–१५४) ले बताएका छन् । शरीर, इन्द्रिय, मन आदिका कारण ब्रह्मभन्दा आत्मा भिन्नजस्तो अनुभूति हुन्छ । बन्धनका अवस्थामा आत्माले कुनै चीज गुमाउँदैन र मुक्तिको अवस्थामा पनि आत्माले केही पाउँदैन । शाङ्कर वेदान्तअनुसार ब्रह्मज्ञानबाट अविद्याको निवृत्ति हुन्छ र अविद्याको निवृत्तिका कारण कर्मादि बन्धनहरू स्वतः समाप्त भएर जान्छन् । त्यसपछि आत्मा आफ्नो स्वरूपमा पुग्दछ (न्यौपाने, २०७२, पृ.५५) । यसरी शरीरलाई इन्द्रियजन्य तत्त्वहरूको पन्जाबाट छुटाई आत्मस्थितिमा राख्न सके जीव सदा जीवनमुक्त अवस्थामा रहन सक्छ, उसले ब्रह्म साक्षात्कार गर्न सक्छ । जगत्लाई दृश्यभावले हेरेपछि शरीर धारण गर्दागर्दै पनि जीवमुक्तिको अवस्थामा रहेको हुन्छ । यही नै सदेह मोक्ष वा जीवनमुक्ति हो भन्ने धारणा वेदान्त दर्शनमा रहेको पाइन्छ ।

## भानुभक्तीय रामायणमा सदेह मोक्ष चिन्तन

रामायणमा सदेह मोक्षसम्बन्धी चिन्तनका आधारमा श्रीरामको चरित्रको चित्रण गरिएको छ । रामले आत्मतत्त्वलाई चिनी आफ्नो देशको राज्यसत्ता सञ्चालन गर्दा स्थितप्रज्ञका रूपमा अवस्थित रहेर कार्य गरेका छन् । रामराज्यमा अशान्ति थिएन, कसैमा द्वेष, ईर्ष्या र घमण्ड थिएन, एकअर्कामा सदा समानता र आनन्दको अवस्था सिर्जना भएको थियो । विषय वासनारहित भएर मनुष्य कर्म र साधनामा निरन्तर लागिरहेका हुन्थे । माता–पिता, अग्रज–अनुज बिचको सम्बन्धमा एकात्मकता थियो । यी सबै जीवनमुक्त अवस्थाका अभिलक्षण हुन् भन्ने कविको विचार रहेको छ । यसै सन्दर्भमा महाकाव्यमा रामले मायालाई जितेर विदेह रूपमा राष्ट्रको कार्यभार सञ्चालन गरेको चर्चा गरिएको छ । राम र शिवलाई एकै स्वरूप मानी सदा विदेह रूपमा रहेको विचार पनि महाकाव्यमा व्यक्त गरिएको छ । प्रस्तुत महाकाव्यले रामको नाम नै मुक्तिको अनुभूति गराउने तत्त्वका रूपमा रहेको विचार स्पष्ट पारेका छन् । रामलाई भज्नाले नै आफूले खोजेको मोक्षको प्राप्ति गर्न सकिन्छ भन्ने विचार प्रस्तुत गरिएको छ । यस स्थितिमा सांसारिक इच्छा एवम् आकृतिले छुँदैन, आफ्नो स्वरूपमा रहेर संसारबाट विरक्त भई रामानन्दमा रम्न सक्नुपर्छ भन्ने धारणा व्यक्त गरिएको छ । यसलाई निम्न साक्ष्यद्वारा अझ स्पष्ट पारिएको छ ।

> राम्का फगत् स्मरणले पनि दुःख छुट्छन् ।
> अध्याातिमकादिसव ताप पनि जल्दि टुट्छन् ...।। (आचार्य, २०७१, पृ. १३५)

प्रस्तुत श्लोकमार्फत् कविले राम नै ब्रह्मस्वरूप हुन् । उनको नाम स्मरणले नै सम्पूर्ण पाप नास हुने कुरा बताएका छन् । जसरी भए पनि आत्मारामलाई सम्झी मन र बुद्धिले रामको चिन्तन गर्नुपर्दछ । आत्माराम नै त्यस्तो तत्त्व हो, जसमा जीवलाई शिव बनाउन सक्ने क्षमता रहेको हुन्छ । अखण्ड आनन्द तत्त्व राममारहेको हुन्छ । उनी जीवनमुक्त मर्यादापुरुष हुन् । रामकै स्मरण र साधनाद्वारा अखण्ड आनन्द प्राप्त गर्न सकिन्छ । त्यो साधनाले मानिसमा रहेको अज्ञानता हटेर सदेह अवस्थामा नै मोक्ष अवस्थामा रही जीवनमुक्त अवस्थामा पुग्न सकिन्छ भन्ने तथ्य प्रष्ट पारेको छ ।

वेदान्त दर्शनका अनुररूप सदेह मोक्षको मार्गमा पुग्न श्रवण,मनन्,निधिध्यासनको मार्गलाई बताएको हुँदा उक्त आधारमा हेर्दा माथि उल्लिखित काव्यात्मक अभिव्यक्ति सदेह मोक्षका आधारमा दृष्टान्त बनेको छ । यसरी रामभित्र विदेह मोक्षको चेतना प्रकट गरिएको छ । यसै प्रसङ्गलाई तल स्पष्ट पार्दै आत्मातत्त्वमा पुग्नुपर्ने अवस्थाको चित्रण तलका साक्षले अझ स्पष्ट पारेको छ । यस विषयको प्रस्तुतिका दृष्टिले निम्नलिखित पद्य व्याख्येय छः

कुन सन्त हुन् लोकका तुच्छ मान्या
सब छोडि साँचो शिवत्त्व जान्या... (आचार्य, २०७१, पृ. २७६)

कुन काम हो मन दिइ गर्नुपर्न्या ।
श्री विष्णुको भक्ति छ दुःख हर्न्या ।
कुन आदिम हो नरमा जियाको ।
निर्दोषि भै मन् हरिमा दियाको ।। (आचार्य, २०७१, पृ. २७६)

प्रस्तुत पङ्क्तिगुच्छद्वयका माध्यमबाट आत्माज्ञानी सन्तहरूलाई चिन्ने उपाय बताइएको छ । आत्माज्ञानी सन्तहरूमा शिवमय सत्वका कारणबाट सबै तत्त्व ज्ञान प्राप्त भएको हुन्छ । उनीहरूले आत्मा-बोध गरिसकेका हुन्छन् । उनीहरूको मन निस्कलङ्क, निर्दोश,निश्चल बनेको हुन्छ । त्यस्तो मनले हरिनाम जप्न सक्छ । मिथ्याबाट पर पुगेर परमात्मा हरिमा केन्द्रित हुँदै आशक्ति रहित योगात्मा पुरुष नै सदेह मोक्ष प्राप्त गर्न सक्छ भनिएको छ । यही विचारको प्रभाव यहाँ रहेको छ वेदान्त दर्शनमा पनि जुन मानिसले सबै सांसरिक विषयवासना त्यागेर सन्तस्वरूपमा रहन सक्छ उसले शरीर रहँदा रहँदै पनि आत्मा र परमात्माको अनुभव गर्न सक्छ भन्ने बताइएको हुँदा अनि ब्रह्मभाव भएको मानिस ब्रह्म नै बन्ने हुँदा त्यस्ता व्यक्तिले सबै कर्मलाई आफू साक्षीभावमा गर्न सक्छन् भन्ने विचार माथिका हरफले प्रष्ट पारेको छ । वेदान्त दर्शनले सदेह मोक्षलाई शरीर रहँदा रहँदै पनि आफू ब्रह्मभावमा रहन सक्ने, आत्मातत्त्वको अनुभव गर्न सक्ने र विषयवासनाबाट मुक्त भएर सर्वमान्य सर्वगुण सम्पन्न भएर कर्म गर्न सक्ने साक्षीस्वरूप देहको रूपमा वर्णन गरेका छन् । यही तथ्यलाई माथिका हरफले प्रष्ट पारेको हुँदा भानुभक्त रामायण सदेह मोक्ष चिन्तनका दृष्टिले उत्कृष्ट रहेको प्रमाणित भएको छ ।

**वेदान्त दर्शनमा विदेह मोक्ष चिन्तन**

वेदान्त दर्शनमाा विदेह मोक्ष भन्नाले , शरीरको अस्तित्वको पुरै नाश भएको अवस्थालाई विदेह मुक्ति भनिएको छ । विदेह मोक्षको अवस्थालाई कैवल्य पनि भनिन्छ । विदेह मुक्त अवस्थामा स्थूल–सूक्ष्म शरीर, मन अन्तःकरण आदि केही पनि रहँदैन । साक्षीपन पनि हराएको अवस्थालाई कैवल्य-मुक्ति भनिन्छ । यसै प्रसङ्गलाई स्पष्ट पार्न छान्दोग्योपनिषद्मा भनिएको छ : पारमार्थिक सत्य कुरा के हो भने न कसैको नाश हुन्छ, न त जन्म नै । न त बन्धन छ, न त कोही साधक छ । न कोही मुमुक्षु छ, न त कोही मुक्त नै छ । वास्तवमा ब्रह्म बाहेक कुनै सत्ता नै छैन (रिसाल, २०७० पृ.८१) । यही अवस्था नै विदेह मुक्तिको अवस्था हो । विदेह अवस्थामा शरीर बाहिर उत्रिन्छ भनिएको छ ।

शरीर बाहिर उत्रिँदा आत्मामात्र बाँकी रहन्छ, आत्मा न जन्मन्छ न मर्छ । आत्मा रूपमा स्थित हुनु नै शरीर बाहिर हुनु हो ।मोक्षबारे विविध प्रसङ्गमा, विविध ग्रन्थ तथा पुस्तकहरूमा प्रस्तुत गरिएको छ ।

> जसको देहादि सब नष्ट भयो, फेरि जन्म–मरण छैन र जो अदृश्य परमपदमा प्राप्त भएको छ त्यसलाई विदेह मुक्त भनिन्छ । जो पुरुष सबै भाव अभाव पदार्थलाई त्यागेर केवल अद्वैत तत्त्वमा स्थित छ र जसको शरीर आदिको कुनै क्रिया देखिँदैन, त्यो विदेहमुक्त हुन्छ । विदेह मुक्त जीवमा स्थूल–सूक्ष्म शरीर, मन, अन्तःकरण आदि नरहने हुँदा साक्षीपन समाप्त हुन्छ (खड्का, २०७१, पृ.५१५) । भनिएको छ ।

शङ्कराचार्यका अनुसार ब्रह्मज्ञान वेदान्त दर्शनका माध्यमबाट प्राप्त हुन्छ । ब्रह्म विषयक चिन्तनमा श्रुतिहरू परम प्रबल हुन्छन् तर आचार्य शङ्कर अर्थ र ज्ञानरहित विद्वत्तालाई निरर्थक ठान्छन् । जसले वेदको अर्थ नबुझी केवल मन्त्र रट्छ उसको त्यो काम भरियाले भारी बोक्नुझैँ हो । वेद, पुराण र श्रुतिले ज्ञानरहित विद्वत्तालाई निरर्थक ठान्छन् । बुद्धिको तीक्ष्णताबाट ज्ञातृज्ञेय रहित विशुद्ध चैतन्यबारे प्रवल चेतना प्राप्त हुन्छ र ज्ञानात्मक अवस्थामा ब्रह्मज्ञान हुन्छ । वास्तवमा ब्रह्मज्ञानको अवसान पनि यसै स्वानुभावमा पुगेर हुन्छ । यही स्वानुभवमय अद्वैतानुभूति नै ब्रह्मैक्य वा मोक्ष हो (उपाध्याय, २०६६, पृ.१२७) ले भनेका छन् । यस प्रसङ्गलाई स्पष्ट पार्दै मुक्तिकोपनिषद्मा बताइएको छ : शब्द नभएको, नछोइने, रूपरहित, व्यय नहुने (घटबढ र फेरफार नहुने), रसहीन, अनित्य, ताररहित, गन्धहीन, नामथर समाप्त भएको यस्तो मेरो रूपलाई हे पीडाहारी पवनपुत्र तिमी भज । दृष्टिरूप आकाशजस्तै उपल्ला तहको निरन्तर झल्किने तर नजन्मने, एक मात्र सर्वज्ञ, अजोडा, सम्पूर्णताले टम्म, सबथोकबाट मुक्त, शुद्ध दृष्टिको, अक्रियात्मक,स्वाभाविक विषय नभएको, अगाडि पछाडि, मास्तिर तलतिर, सबैतिर भएको, सम्पूर्ण भूमिमा म मात्र छु भन्ने भावना हो । आकाशजस्तै विशाल आँखा पारेर सधैँ स्वर्गलाई हेरेर (ताकेर) बसिरहेका हुन्छन् । त्यो पदविप्रहरूलाई समेत टपिसकेको, जागृतहरूद्वारा मात्र जगाउन सकिने परमपद हो (शर्मा, २०७०, पृ. ५२४) भनिएको छ । यही नै विदेह मोक्षको अवस्था हो भन्ने विचार प्रस्तुत भएको छ । यसरी जीवनमुक्त मान्छे आफ्नो स्थूल र सूक्ष्म शरीरलाई त्यागेपछि विदेहमुक्त अवस्थामा पुग्छ भन्ने निचोड नै वेदान्त दर्शनको मुक्तिसम्बन्धी मूलसार हो (न्यौपाने, २०७२, पृ.५०) । भन्ने अवधारणा यहाँ प्रकट गरिएको छ । वेदान्तले विदेह मोक्षका बारेमा यिनै मान्यताहरू बनाएको पाइन्छ । यस मान्यताको प्रभाव भानुभक्तको रामायणमा परेको हुनाले तलका शीर्षकमा विदेह मोक्षका आधारमा रामायणभित्र रहेका श्लोकलाई साक्षी बनाएर महाकाव्यको विश्लेषण गरिएको छ ।

### भानुभक्तीय रामायणमा विदेह मोक्ष चिन्तन

भानुभक्त रामायणमा अभिव्यक्त विदेह मोक्षचिन्तन रामायणको कथावस्तु, चरित्र, र विचारका माध्यमद्वारा अभिव्यक्त भएको छ । रामायणमा मोक्षका विषयमा विविध काण्ड र विविध प्रसङ्गमा आवश्यक विचार प्रस्तुत गरिएको छ । विदेह मोक्षमा पुग्न संसारमा देखिएका माया,मोह,भ्रम रागलाई जित्न सक्नुपर्छ । यसलाई नजिते सम्म जीवले कष्टयुक्त जीवनलाई पार गर्न सक्दैन । जब जीवले म मुक्त चैतन्य स्वरूप भनेर जानेर मुक्त बन्दछ तब ऊ विदेह भावमा परिणत भएर सांसारिकताबाट पर पुगेर मुक्त रहँदै कैवल्य अवस्थामा पुग्छ । यही तथ्यलाई वेदान्तले परिभाषित गरेको छ । जसलाई निम्न साक्ष्यद्वारा पुष्टि गरिएको छ :

मनैका खेल्ले जीव शरिर मयिँ हूँ भन्दछ भनी
जहाँतक जान्दैनन् फजिति तहिँतक् मिल्दछ पनी
मनैको खेल हो भनिकन त जान्या तरिगया
नजान्या जो जो हुन् उति त सब फन्दा परिगया ॥ (आचार्य, २०७१, पृ. ९४)

शरिर मै हूँ मैरै धनजनहरू हुन् भनि जसै

पर्यो मनका खेलमा तव फजिति मिल्छन् बुझ यसै
बिना सत्का सँगले विनु गुरु कृपाले इ फजिती
अवश्यै छुट्दैनन् सकल मनका खेल नजिति (आचार्य, २०७१, पृ. ९५)

प्रस्तुत पङ्क्तिगुच्छद्वयमा वेदान्तले बताइएको विदेह मोक्षचिन्तनलाई प्रस्तुत गरिएको छ । मानिसले आफ्नो जीवन रहँदा रहँदै जीवनरूपी अनेक बन्धनलाई छोड्दै जानुपर्दछ । सांसारिक खेलमा पर्दै गयो भने दुःखरूपी भवसागरमा फसिन्छ । संसार भनेको पस्न बस्न मात्र योग्य छ । फस्न योग्य छैन । यही तथ्य बुझेमात्र भ्रमरूपी जगत् त्यागेर सत्संगतका माध्यमद्वारा मोक्षको मार्गमा पुग्न सकिन्छ । मोक्षको मार्गमा पुग्न हामीले मनका खेललाई जित्न सक्नुपर्छ । मनको खेललाई जितिसकेपछिमात्र हामी संसाररूपी भवबन्धनलाई त्यागेर मोक्षमार्गमा पुग्न सक्छौँ भनिएको छ । यस रामायणमा मुख्य चरित्र रामद्वारा बालीपत्नी तारालाई सम्झाउने क्रममा माथिका अभिव्यक्ति प्रकट भएका छन् । ती अभिव्यक्तिले वेदान्तले निर्देशित गरेको विदेह मोक्षचिन्तनका मार्ग अबलम्बन गरेको छ । तसर्थ रामायण विदेह मोक्षचिन्तनका दृष्टिले उत्कृष्ट रहेको छ ।

प्रस्तुत रामायणको उत्तरकाण्डमा संसारिक मोह बन्धनको कष्टदायी पीडाबाट मुक्त हुनु पर्छ । आशक्त भएर कुनै पनि वस्तुमा लाग्न हुँदैन । हामीले आफ्ना सम्झने ,मेरो भन्ने कुनै जीव वा शरीर पनि आफ्नो हैन । अफू र आफ्नो भन्ने त आत्मा तत्त्व मात्र हो । जुन तत्त्व ब्रह्म हो । यसको गुण सगुण र निर्गुण अवस्थामा प्रकट हुन्छ । सगुण सत्तामा प्रकट हुँदा यसले कार्य-कारण सम्बन्ध लिएर सदेह अवस्थामा नै मुक्त भएर आशक्तीलाई त्यागेर सापेक्ष जीवन र सृष्टिका निमित्त कार्य गरिरहेको हुन्छ । कार्यकारण सम्बन्ध सकिइ सकेपछि जीवमा भएको आत्मा तत्त्व पुन: विदेह रूपमा नै अवस्थित हुन्छ भनिएको छ । यही यथार्थ रामायणको उत्तरकाण्डमा राम र सीताको कार्य-कारण सम्बन्ध सकिए पछि ब्रह्मलीनको अवस्थामा पुगेको तथ्यबाट प्रकट भएको छ । जसलाई तलका साक्ष्यले अझ स्पष्ट पारेका छन् :

एस्ता वाणी सिताजीका पृथिविले सूनी सकी थिन् जसै
बेस् सिहासनमा एक् तयार् गरि सिताजीलाई राखिन तसै ॥
त्यै सिंहासनमा बसी जननिले औदास्य मनमा लिइन् ।
सीताजीकन जानलाई बढिया बाटो भुमीले दिइन् ॥ (आचार्य, २०७१, पृ.२५६)

प्रस्तुत साक्ष्यले समाज र संसारले वाह्य जगत्मात्र हेर्ने गर्दछ । वाह्य जगत्मा देखिने दृश्य भनेको केवल सृष्टि चलाउने माध्यममात्र हो । उसले व्यक्तिभित्र रहेको आत्मिक तत्त्व चिन्न सक्दैन । आत्मिक तत्त्व चिन्न व्यक्तिभित्र रहेको अन्तर्आत्मालाई पहिचान गर्नुपर्छ । सीताजीले संसारको राप,ताप र भ्रमलाई राम्रोसँग बुझिसकेकि हुनाले धर्तीका लागि नै सम्पूर्ण कर्म गरिसकेकिले धर्ती पुकारेर पृथिविको काखभित्र अन्तर्ध्यान हुन पुगेकि छिन् । यसरी सीता ब्रह्ममा लीन भई विदेह मुक्ति प्राप्त गरेको तथ्यको यहाँ उद्घाटित गरिएको छ । तसर्थ यस किसिमको अवधारणा वेदान्त दर्शनमा रहेको हुँदा उक्त दर्शनले निर्देशित गरेको विदेह मोक्ष चिन्तनको प्रभाव भानुभक्तको रामायणमा परेको पुष्टि भएको छ । यसै सन्दर्भलाई अझ स्पष्ट पार्दै भानुभक्तको रामायणको सातौँ काण्डको दुईसय उनन्सत्तरीऔँ श्लोकमा मुक्तिको उपायको बारेमा बताइएको छ । जसलाई निम्न साक्ष्यले स्पष्ट पारेको छः

ती लोक्ले पनि खुस भयी सरजुमा अस्नान् सबैले गर्या ।
जुन् सान्तानिक लोक हो उहिँ पुगी आनन्दको भोग् गर्या॥
सुग्रीव् सूर्यबिसे गई मिलि गया अंशै हुनाले गरि ।
भूभार यै रितले हरेर रघुनाथ वैकुण्ठ पौँच्य हरी (आचार्य, २०७१, पृ. २६९)

प्रस्तुत श्लोकद्वारा ज्ञान नै मुक्तिको मार्ग हो भन्ने आशय व्यक्त गरिएको छ । ज्ञानले नै जीवनलाई सुन्दर शान्त बनाउँछ । ज्ञानले गर्दा नै जीव मुक्त भएर आत्मा अनुभवमा पुग्न सक्छ । आत्मा ज्ञानभन्दा ठुलो संसारमा अरु केही पनि

नभएको तथ्य प्रकट गरेको छ । ज्ञानको तेजले गर्दा आनन्दमय अवस्थामा पुगेको सुग्रीवको चर्चा यहाँ गरिएको छ । संसारको भू-भार हर्नका निमित्त मात्र रामको धर्तीमा अवतरण भएको कुरा यहाँ बताइएको छ । सदेह मुक्त रूपमा रहेर पृथिविमा आफू माध्यम भएर सम्पूर्ण कार्य गरिसकेपछि रामायणमा वर्णित ब्रह्मज्ञानलेयुक्त सबै पात्रहरू मुक्त अवस्था वा ब्रह्मलीन बनेका छन् । आत्मिक स्वरूपको पहिचान गर्न सफल भएका छन् । जीवन र जगत्को जिजिविसालाई ज्ञानको माध्यमबाट चिनिसकेपछि ज्ञानानन्द अवस्थामा पुगेको चर्चा माथि गरिएको छ । यसबाट वेदान्ती अवधारणाले बताएको विदेह मोक्षअवस्था प्रभाव परेको तथ्यको पुष्टि भएको छ । अन्तरध्यान भन्ने विचारले कैवल्य मुक्ति वा ब्रह्ममय अवस्थामा पुगेको अवस्थालाई बुझाएको छ । यही तथ्यको प्रत्यक्ष प्रभाव भानुभक्तको रामायणमा परेको भेटिन्छ । जसलाई निम्न साक्ष्यद्वारा अझ स्पष्ट पारिएको छ :

> विद्या र बोध कुन चिजलाई भन्छन् ।
> जुन पाउँदा मुख्य भई रहन्छन् ।
> कुन मुख्य लाभ् हो भन आज तेही ।
> आत्मा सरीको अरु छैन केही ॥ (आचार्य, २०७१, पृ. २७६)

प्रस्तुत काव्यांशाले विद्या, ज्ञान र ज्ञानको बोध नै जीवनको मुख्य लक्ष्य हो भन्ने बताएको छ । जसलाई प्राप्त गरिसकेपछि अर्को कुरा प्राप्त गर्नु पर्दैन भनेको छ । आत्माज्ञानभन्दा माथि अर्को विषय नै छैन । आत्मामा स्थित भइसकेपछि अनित्य वस्तुको कुनै पनि प्रवाह हुँदैन र अनित्य जगत्मा फर्कनु पर्दैन भनेको छ । यसले नै जीवलाई निर्मल बनाएको तथ्य यहाँ प्रकट भएको छ । सदेहबाट विदेह अवस्थामा पुग्न आत्मामा जीवले आत्मामा अवस्थित रहनुपर्ने तथ्य प्रकट गरेका छन् । यसको माध्यम भनेको आत्माबोध अथवा ब्रह्म-ज्ञानको अवस्था हो । यही तथ्यलाई माथिका साक्ष्यले बताएको छ । वेदान्तले विदेह मोक्ष अवस्थामा पुगेको आत्माले यही रूप लिने चिन्तन व्यक्त गरेको छ तसर्थ भानुभक्तको रामायणमा विदेह मोक्ष चिन्तनको प्रभाव परेको तथ्य प्रमाणित भएको छ । यस पङ्क्तिगुच्छमा राम आत्मातत्त्व, ब्रह्मतत्त्वका रूपमा रहेका छन् । रामलाई नचिन्दा मानिस भवबन्धनमा परेको हुन्छ । संसारका बन्धनले मानिसलाई समाप्तितर्फ लगेकाले यस्ता बन्धनबाट छुटाउनका लागि ज्ञानको आवश्यकता पर्छ । रामले ज्ञानका माध्यमद्वारा जीव मुक्त बन्न सक्छ भन्ने ज्ञान दिएको प्रसङ्ग यहाँ प्रस्तुत गरिएको छ ।

मुक्तात्मा पुरुषले अनादि युगदेखि मनमा भएका मायाका खेललाई चिन्न सक्नुपर्छ भनेका छन् । मोक्षको बोध हुनका लागि अज्ञानता हट्नुपर्छ । अज्ञानता बन्धनको कारक तत्त्व हो । आत्मातत्त्वलाई चिन्न संसारको मायालाई पन्छाउन सक्नुपर्छ । माया भ्रम हो भन्ने बोध भएपछि मात्र बन्धन हटेर मोक्ष मार्गतिर लाग्न सकिन्छ । यिनै विचार रामायणमा प्रकट गरिएको छ । यहाँ विशेष गरी अज्ञानताबाट पैदा हुने बन्धनका बारेमा पात्रगत,घट्नागत माध्यमबाट चर्चा गरिएको छ । यसबाट मुक्त हुन् जीवले आफूलाई चित्तशुद्धि,आत्मा सुद्धिद्वारा नित्य, मुक्त, आनन्दस्वरूप, आत्मा तत्त्व वा ब्रह्मतत्त्वका रूपमा लैजान सक्नु पर्छ भनिएको छ । यस किसिमको ज्ञान मात्र सही र सत्य हुने हुँदा सोही आत्मा अनुभवबाट ब्रह्मअनुभव,ब्रह्मअनुभवबाट ब्रह्म अवस्थामा पुगेपछि जीव देहअभिमानबाट विमुक्त हुँदै कैवल्य प्राप्ति गर्न सकिने कुरा बताएको छ । यसका निमित्त आत्मा ज्ञानभन्दा अर्को ज्ञान नभएकोले यही नै मोक्ष प्राप्तिको प्रमुख श्रोत र साधन रहेको तथ्य वेदान्त दर्शनको रहेको छ । यस्ता अवधारणा मोक्षका सम्बन्धमा रहेको हुँदा यस्तो ज्ञानलेमात्र सदेह र विदेह मोक्ष अवस्था प्राप्त गर्न सकिने तथ्य भानुभक्तीय रामायणमा प्रतिबिम्बित भएको छ । तसर्थ भानुभक्तीय रामायण सदेह र विदेह मोक्ष चिन्तनका आधारमा उत्कृष्ट बन्न पुगेको छ ।

## निष्कर्ष

प्रस्तुत अनुसन्धनत्मक लेखमा भानुभक्तीय रामायणमा अभिव्यक्त बन्धन र मोक्ष चिन्तनलाई वैदिक, उपनिषदिक तथा वेदान्तीय दर्शनका आधारमा विश्लेषण गरिएको छ । अध्ययनबाट भानुभक्तले रामकथालाई केवल धार्मिक आख्यानका रूपमा मात्र प्रस्तुत नगरी मानव जीवनको आध्यात्मिक उन्नति, नैतिक अनुशासन र मोक्षप्राप्तिको

मार्गदर्शक ग्रन्थका रूपमा स्थापित गरेको निष्कर्ष प्राप्त भएको छ । काव्यमा चित्रित पात्र, घटना तथा संवादहरूमा सांसारिक आसक्ति, मोह, अहंकार, क्रोध, लोभ र अविद्यालाई बन्धनका मूल कारणका रूपमा देखाइएको छ भने भक्ति, सत्य, धर्म, त्याग, सदाचार र ईश्वरसमर्पणलाई मोक्षप्राप्तिको आधारका रूपमा प्रतिपादन गरिएको पाइन्छ । यस महाकाव्यमा राम, सीता, लक्ष्मण, भरत, हनुमान तथा विभीषणजस्ता पात्रहरू आदर्श आचरण, कर्तव्यपरायणता र ईश्वरभक्तिका प्रतीकका रूपमा प्रस्तुत भएका छन् । यिनका चरित्रमार्फत् सांसारिक बन्धनमाथि विजय प्राप्त गरी आत्मशुद्धि र परमशान्तितर्फ उन्मुख हुने सन्देश अभिव्यक्त भएको देखिन्छ । विशेषतः रामको चरित्रमा धर्म, मर्यादा र करुणाको समन्वय पाइन्छ, जसले मानव जीवनलाई मोक्षमार्गतर्फ निर्देशित गरेको निष्कर्ष निकाल्न सकिन्छ । त्यस्तै रावण, कुम्भकर्ण तथा अन्य आसुरी प्रवृत्तिका पात्रहरू अहङ्कार, शक्ति-मद र विषयासक्तिका कारण पतनतर्फ उन्मुख भएको देखाइएकाले भानुभक्तले अनैतिक प्रवृत्तिलाई बन्धनको कारक मानेको स्पष्ट हुन्छ ।

भानुभक्तीय रामायणमा मोक्षको अवधारणालाई केवल मृत्यु पश्चात् प्राप्त हुने आध्यात्मिक अवस्थाका रूपमा नभई जीवित अवस्थामै आत्मशुद्धि, नैतिक जीवन र ईश्वरभक्तिद्वारा प्राप्त हुने आन्तरिक शान्तिका रूपमा व्याख्या गरिएको देखाएको छ । यस काव्यमा ज्ञान, कर्म र भक्तिको समन्वयात्मक प्रयोगमार्फत् मोक्षमार्गलाई सहज, व्यावहारिक र लोकबोधगम्य बनाइएको पाइन्छ । विशेषतः भक्ति तत्त्वलाई मोक्षप्राप्तिको प्रमुख माध्यमका रूपमा प्रतिष्ठित गरिएको छ । यसले नेपाली समाजमा धार्मिक चेतना, नैतिक मूल्य तथा आध्यात्मिक संस्कारको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको निष्कर्ष निकाल्न सकिन्छ । भानुभक्तीय रामायण नेपाली समाजको धार्मिक तथा सांस्कृतिक चेतनासँग गहिरो रूपमा सम्बन्धित कृति भएको पुष्टि भएको छ । यस कृतिमा व्यक्त बन्धन र मोक्ष चिन्तनले मानव जीवनलाई नैतिकता, आत्मसंयम र आध्यात्मिक उन्नतितर्फ उन्मुख गराउने दार्शनिक दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ । त्यसैले भानुभक्तीय रामायण केवल साहित्यिक दृष्टिले महत्त्वपूर्ण काव्य नभई नेपाली समाजको आध्यात्मिक एवम् सांस्कृतिक मार्गदर्शक ग्रन्थका रूपमा स्थापित भएको निष्कर्ष यस अनुसन्धानमा प्राप्त भएको छ ।

## सन्दर्भ सामाग्रीसूची


अधिकारी, नारायणप्रसाद (२०६२). *भक्ति वेदान्त*, बुक ट्रस्ट ।

अवस्थी, महादेव (२०७२). भानुभक्त र भानुकाव्य विमर्शको विवेचना. (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, भानुविमर्श (पृ. ५०९), नइ प्रकाशन ।

आचार्य, भानुभक्त (२०७१). *भानुभक्तको रामायण*. (सम्पा.) व्रतराज आचार्य. भानुप्रतिष्ठान ।

उपाध्याय, गोविन्दशरण. (२०६६). *आर्यदर्शन*. विद्यार्थी पुस्तक भण्डार ।

खड्का, पवित्रबहादुर (२०७१) .*अध्यात्म दर्शन*. लेखक स्वयम् ।

गिरि, रामानन्द (२०५१). *माण्डूक्योपनिषद् कारिका*. महेश सन्यास आश्रम ।

गौतम, लक्ष्मणप्रसाद (२०७२). चौध अञ्चलमा भानु द्विशतवार्षिकी. (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, *भानु दुई सय वर्ष* (पृ. ५८). नइ प्रकाशन ।

घिमिरे, माधव (२०७१). *भानुभक्तको रामायण*, भानु प्रतिष्ठान ।

चालिसे, नारायण (२०६९). *पूर्वीय दार्शनिक मान्यतामा कोइरालाका उपन्यास*. वी.पी. चिन्तन केन्द्र।

जोशी, सत्यमोहन (२०७२) .भानुको भानुभक्तीय रामायण . (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, *भानुविमर्श* (पृ. ४७०). नइ प्रकाशन ।

ठाकुर, उषा (२०७२). तुलसीकृत रामचरितमानस र भानुभक्तीय रामायणसँग त्यसको सम्बन्ध. (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, भानुविमर्श (पृ. ९२), नइ प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०७२) .आदिकवि भानुभक्त आचार्यको जीवनी र कविताको सहसम्बन्ध तथा उनका कविता कलाको सौन्दर्यपरक मूल्याङ्कन . (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, *भानुविमर्श* (पृ. ४७४). नइ प्रकाशन ।

नेपाल, वसन्तकुमार शर्मा (२०७०). *उपनिषद् सङ्ग्रह*. शब्दार्थ प्रकाशन ।

न्यौपाने, नेत्रप्रसाद (२०७२). *लेखनाथका कवितामा बन्धन र मुक्ति* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पोखरेल, बालकृष्ण, र अन्य (सम्पा.) (२०५८). *नेपाली बृहत् शब्दकोश*. नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।

पौड्याल, नवीन (२०२३). *भानुभक्त रामायणको महत्त्व र रामकाव्य परम्परा*. समकालीन साहित्य प्रतिष्ठान ।

प्रधान, पवन (२०२२). *भानुभक्त रामायणमा वेदान्त दर्शनको प्रभाव*. समकालीन साहित्य प्रतिष्ठान ।

प्रश्रित, मोदनाथ (२०७२). रामायणहरूमा चिन्तन र चरित्रको भिन्नता. (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, *भानुविमर्श* (पृ. २१८). नइ प्रकाशन ।

लामा, कविता (२०७२). भारतमा कवि भानुभक्तको प्रभाव. (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, *भानुविमर्श* (पृ. १२१). नइ प्रकाशन ।

रिसाल, राममणि (२०५०) .*नेपाली काव्य र कवि*. साझा प्रकाशन ।

रिसाल, राममणि (२०७०). *अष्टावक्र गीता*. महेश संन्यास आश्रम ।

रिसाल, राममणि (२०७१). *वैदिक संस्कृति*. लेखक स्वयम् ।

शर्मा, यादवप्रसाद (२०७१). *यात्रा काव्यमा पूर्वीय दर्शन* (अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध). नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

सुवेदी, राजेन्द्र (२०७२). भानुभक्त आचार्यका रचनामा हास्यव्यङ्ग्य चेतना. (सम्पा.) नरेन्द्रराज प्रसाईं र महादेव अवस्थी, *भानुविमर्श* (पृ. ३४१). नइ प्रकाशन ।